PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

**मानव बेचबिखन अनुसन्धान ब्युरो**

बबरमहल,काठमाण्डौ,

फोन: ०१-५३३९५६९, ०१-५३४११७७

# प्रेस विज्ञप्ति-३४

## Press Release-34

## मानव वेचबिखन कार्यमा संलग्न व्यक्तिहरु पक्राउ ।

परिवर्तित नाम २६ बबरमहल (२६०) सँग प्रतिवादी अर्जुन तामाङ भन्ने चन्द्र बहादुर तामाङले सामाजिक सञ्जालबाट चिनजान गरी कुराकानी गर्ने क्रममा काठमाण्डौको कंलकीमा रहेको होटलमा काममा लगाई दिने प्रलोभन देखाएकोले निज जाहेरवाला होटलमा काम गर्नको लागी प्रतिवादीलाई भेट्न काठमाण्डौ आएको समयमा निज प्रतिवादीले तिमिलाई काममा लगाउने भनिएको होटलमा तत्काल मान्छे नराख्ने भयो त्यतिन्जेल तिमि भारतमा घुम्न जाने हो भने म पठाई दिन्छु ३/४ दिन भारतमा घुमेर आउ भनि विश्वास दिलाई प्रतिवादी किरण तामाङको जिम्मा लगाई दिए पछी निज किरण तामाङले जाहेरवालालाई मिति २०८०।०८।१९ गते काठमाडौं जिल्लाको नयाँ बसपार्कबाट स्वयम्भु हुदै बसको यात्रा गराई नेपाल भारत सिमा पार गराएर भारतको पुना भन्ने स्थानमा लगी तीन जना अपरिचित महिलाहरुको जिम्मा लगाई आफु नेपाल फिर्ता भएकोले जाहेरवालाले आफुलाई भारतमा बेचबिखनको लागी ल्याएको भन्नेमा शंका लागी नेपालमा रहेका आफन्तहरुलाई फोन सम्पर्क गर्दा जाहेरवालाको आफन्तहरुले तत्काल उक्त स्थानबाट भागेर नजिकैको प्रहरी कार्यालयमा जाऊ भनि सिकाएकोले जाहेरवाला उक्त स्थानबाट भागेर प्रहरीको सम्पर्कमा गएकोमा भारतिय प्रहरीले जाहेरवालालाइ विभिन्न संघ संस्थाको समन्वयमा मिति २०८०।०९।१२ गते भारतबाट नेपाल फिर्ता पठाई दिए पश्चात निज जाहेरवालाले मिति २०८०।१२।१८ गते यस ब्युरोमा दर्ता गरेको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा संलग्न रही फरार रहेका प्रतिवादीहरु अर्जुन भन्ने चन्द्र बहादुर तामाङ र किरण तामाङलाई यस ब्युरोबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा मिति २०८०।१२।१६ गते जिल्ला काठमाण्डौ तार्केश्वर नगरपालिका वडा नं.५ र ७ मा फेला पारी पक्राउ गरी दाखिला गरेको हुँदा निज प्रतिवादीहरुलाई मानव वेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट मिति २०८०।११।१६ गतेबाट लागु हुने गरी दिन ७(सात) को म्यादथप अनुमती लिई आवश्यक अनुसन्धान कार्य भई रहेको ।

**पक्राउ अभियुक्तहरुको विवरण :-**

१) जिल्ला नुवाकोट दुप्चेश्वर गाउँपालिका वडा नं. ०७ स्थायि वतनभई हाल जिल्ला काठमाण्डौ तार्केश्वर नगरपालिका वडा नं.५ बस्ने वर्ष २५ को अर्जुन भन्ने चन्द्र बहादुर तामाङ ।

२) जिल्ला नुवाकोट दुप्चेश्वर गाउँपालिका वडा नं. ०३ स्थायि वतन हाल जिल्ला काठमाण्डौ तार्केश्वर नगरपालिका वडा नं.७ बस्ने वर्ष ३० को किरण तामाङ ।

**पक्राउ परेका अभियुक्तहरुको फोटो:-**



चन्द्र बहादुर तामाङ



किरण तामाङ

सूचना अधिकारी

(ज्ञानेन्द्र प्रसाद फुयाल)

प्रहरी उपरीक्षक

सम्पर्क नम्बर: ९८५१२९२२०२

**मिति: २०८०/१२/१८ गते ।**

**ने.स.११४४ चिल्लाथ्व, ०६ आईतवार ।**